# लिखु तामाकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

धोबी बजार, रामेछाप ।

## स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ मितिः२०८२/०३/१०

**भाग-१**

लिखु तामाकोशी गाउँपालिका

# आर्थिक ऐन, २०८२

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँसभाले बनाएको तल लेखिएको बमोजिम ऐन सर्बसाधारणका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८२ सालको ऐन नं. ०१

## लिखु तामाकोशी गाउँपालिकाको आर्थिक ऐन, २०८२

गाउँसभावाट स्वीकृत मितिः२०८२/०३/१० गते

प्रकाशित मितिः २०८२/०३/१९ गते

**प्रस्तावनाः** लिखु तामाकोशी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्ने वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, २२८ को उपधारा (२) बमोजिम लिखु तामाकोशी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "लिखु तामाकोशी गाउँपालिकाको आर्थिक विधेयक,२०८२" रहेको छ ।

२. यो विधेयक पारित भएपश्चात् ऐनको रुपमा २०८२ साल श्रावण १ गतदेखि लिखु तामाकोशी गाउँपालिका क्षेत्रमा लागु हुनेछ । आर्थिक वर्ष २०८२/०८३ मा लिखु तामाकोशी गाउँपालिकाबाट संकलन कर, शुल्क लगायतका दस्तुर यसै विधेयक बमोजिम भए गरेको मानिनेछ।

३. **सम्पति करः** लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र एकीकृत सम्पति कर विस्तृत अध्ययन गरे पश्चात् लगाइने छ। लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र अनुसूची १(क) बमोजिम घर कर लगाइने र असुल उपर गरिनेछ ।

४. **भूमि कर (मालपोत)ः** लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असुल उपर गरिने छ।

५. **घर वहार करः** लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, टप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिने छ।

६. **व्यवसाय करः** लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ।

७. **जडीबुटी, कवाडी र जीवजन्तु करः** विस्तृत अध्ययन पश्चात् लिखु तामाकोशी गाउँपालकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असुल उपर गरिने छ।

८. **सवारी साधन करः** लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ।

९. **विज्ञापन करः** लिखु तामाकोशी गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ।

१०. **मनोरन्जन करः** लिखु तामाकोशी गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ।

११. **बहाल विटौरी शुल्कः** लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२. **पार्किङ्गः** लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिने छ।

१३. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले पूर्वाधारको विकास तथा विस्तृत अध्ययन गरेपछि आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे बापत शुल्क लगाइने र असुल उपर गरिने छ ।

१४. **सेवा शुल्क, दस्तुरः** लिखु तामाकोशी गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ।

१५. **पर्यटन शुल्कः** लिखु तामाकोशी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिने छ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ।

१६. **कर छुटः** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१७. **दण्ड जरिवानाः** यस विधेयक बमोजिम कर, शुल्क तथा समयमा नबुझाउने पक्षलाई २५ प्रतिशत जरिवाना लाग्ने छ।

१८. **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि अनुसूची (१३) मा व्यवस्था भए बमोजिम हुनेछ। दण्ड, जरिवाना, कर, शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तयार गर्न सक्नेछ।

**राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत भई आर्थिक वर्ष २०८२/८३ को पन्ध्रौ गाउँसभाबाट अनुमोदित आर्थिक विधेयकले तोकेका राजस्वका दररेरटहरु**

**अनुसूची-१**

**(विधेयकको दफा ३ सँग सम्बन्धित)**

**सम्पत्ति कर**

| क्र.सं. | एकीकृत सम्पत्तिको मूल्य रु. | आ.व. २०८०/०८१ वार्षिक रु. | आ.व. २०८१/८२ को वार्षिक रु. | आ.व. २०८२/८३ को वार्षिक रु. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | १ देखि १ लाखसम्म | ५०.० | १००.० | १००.० |
| २. | १ लाख १ देखि ५ लाखसम्म | १००.० | १५०.० | १५०.० |
| ३. | ५ लाख १ देखि ७ लाख ५० हजार सम्म | २००.० | २२०.० | २२०.० |
| ४. | ७ लाख ५० हजार १ देखि १० लाखसम्म | ३००.० | ३५०.० | ३५०.० |
| ५. | १०लाख १ देखि १२लाख ५० हजार सम्म | ४००.० | ४५०.० | ४५०.० |
| ६. | १२लाख ५० हजार १दखि १५लाखसम्म | ५००.० | ५५०.० | ५५०.० |
| ७. | १५लाख १देखि १७लाख ५० हजारसम्म | ६५०.० | ७००.० | ७००.० |
| ८. | १७लाख ५० हजार १ देखि २० लाखसम्म | ७५०.० | ८००.० | ८००.० |
| ९. | २०लाख १देखि २२लाख ५० हजारसम्म | ८५०.० | ९००.० | ९००.० |
| १०. | २२लाख ५० हजार १देखि २५लाखसम्म | १०००.० | ११००.० | ११००.० |
| ११. | २५लाख १देखि ३०लाखसम्म | १२००.० | १३००.० | १३००.० |
| १२. | ३०लाख १देखि ३५ लाखसम्म | १४००.० | १५००.० | १५००.० |
| १३. | ३५लाख १देखि ४० लाखसम्म | १६००.० | १७००.० | १७००.० |
| १४. | ४०लाख १देखि ४५ लाखसम्म | १८००.० | १९००.० | १९००.० |
| १५. | ४५लाख १ देखि ५० लाखसम्म | २०००.० | २२००.० | २२००.० |
| १६. | ५०लाख १ देखि थप प्रतिलाख | २२५.० | २५०.० | २५०.० |

## अनुसूची-१ (क)
## (विधेयकको दफा ३ सँग सम्बन्धित)
## घर कर

| क्र.सं. | विवरण | आ.व.२०८०/८१को वार्षिक रु.. | आ.व.२०८२/८२ को वार्षिक रु.. | आ.व.२०८२/८३ को वार्षिक रु.. |
|---|---|---|---|---|
| १. | खरको छानाको घर | निशुल्क | निशुल्क | निशुल्क |
| २. | ढुङ्गा/टिन/टायलको घर | १००.० | १५०.० | १५०.० |
| ३. | ढलान/पक्की/घर न्यूनतम १ तला | ५००.० | ६००.० | ६००.० |
| ४. | ढलान/पक्की घर थप प्रति तला | १००.० | २००. | २००. |

## अनुसूची-२
## (विधेयकको दफा ४ सँग सम्बन्धित)
## भूमि कर/मालपोत कर

| क्र.सं. | वर्ग | प्रति रोपनी रु. | | | |
|---|---|---|---|---|---|
| | | खेत | | पाखो | |
| | | आ.व.२०८२/८२को वार्षिक रु. | आ.व. २०८२/८३ को वार्षिक रु. | आ.व.२०८१/८२ को वार्षिक रु. | आ.व.२०८२/८३को वार्षिक रु. |
| १. | अब्बल | ४०.० | ४०.० | ३०.० | ३०.० |
| २. | दोयम | ३५.० | ३५.० | २५.० | २५.० |
| ३. | सीम | ३०.० | ३०.० | २०.० | २०.० |
| ४. | चाहार | २५.० | २५.० | १५.० | १५.० |

## अनुसूची -३
## (विधेयकको दफा ५ सँग सम्बन्धित)
## घर बहाल कर

| क्र.सं. | विवरण | आ.व. २०८०/०८१ को रु. | आ.व. २०८१/८२ को रु. | आ.व.२०८२/८३ को रु. |
|---|---|---|---|---|
| १. | भवन | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| २. | घर | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ३. | पसल | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ४. | ग्यारेज | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ५. | जग्गा | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ६. | गोदाम | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ७. | टहरा,छप्पर | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ८. | पोखरी | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |

## अनुसूची-४
## (विधेयकको दफा ६ सँग सम्बन्धित)
## व्यवसाय वार्षिक सेवा शुल्क/कर

| प्राइभेट/साझेदारी फर्म/ व्यवसाय गर्ने कम्पनीको दर्ता र वार्षिक कर/दस्तुर (बागमती प्रदेश आर्थिक ऐन,२०८१ बमोजिम) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | नवीकरण दस्तुर(रु.) | जरिवाना (दस्तुरमा थप हुने रकम) | | | |
| २. | स्थिर पूँजी (रु.) | दर्ता दस्तुर | वार्षिक सेवा शुल्क | ३५ दिनभित्र | ३ महिनाभित्र | ६ महिनाभित्र | १ बर्षभित्र | १ बर्ष नाघेपछि प्रत्येक वर्षको लागि |
| ३. | १ लाखसम्म | १००० | ३०० | ६०० | २५% | ५०% | ७५% | १००% |
| ४. | १-३ लाखसम्म | ३००० | ६०० | १००० | २५% | ५०% | ७५% | १००% |
| ५. | ३-५ लाखसम्म | ६००० | ९०० | १६०० | २५% | ५०% | ७५% | १००% |
| ६. | ५ लाख भन्दा माथी | ६००० | २००० | १६०० | २५% | ५०% | ७५% | १००% |
| ७. | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र | २०००० | ५००० | १०००० | २५% | ५०% | ७५% | १००% |

## अनुसूची-५
## (विधेयकको दफा ७ सँग सम्बन्धित)
## जडीबुटी, तरकारी र जीवजन्तु कर/निकासी शुल्क

| क्र.सं. | जडीबुटीको किसिम | आ.व. २०८१/८२ को प्रति किलो/गोटा रु. | आ.व. २०८२/८३ को प्रति किलो/गोटा रु. |
|---|---|---|---|
| १. | आलु (प्रति क्विन्टल) | ३०.० | ३०.० |
| २. | बाँस प्रति घना | २.० | २.० |
| ३. | अलैची जस्ता मसलाजन्य | ८.० | ८.० |
| ४. | टिम्मुर | १०.० | १०.० |
| ५. | काउलोको बोक्रा | ५.० | ५.० |
| ६. | तेजपात (दालचिनि)को पात | ५.० | ५.० |
| ७. | तेजपाल (दालचिनी) को बोक्रा | १०.० | १०.० |

| | | | |
|---|---|---|---|
| ८. | रिठ्ठा | ५.० | ५.० |
| ९. | कुरिलो (प्रतिकिलो) | २.० | २.० |
| १०. | वनकस (प्रतिकिलो) | ८.० | ८.० |
| ११. | जटामसी | ५.० | ५.० |
| १२. | चिराइतो | ५.० | ५.० |
| १३. | ठुलो ओखती | ५.० | ५.० |
| १४. | पाखनबेद (ठुलो ओखती) | ५.० | ५.० |
| १५. | सूगन्धित तेलजन्य जडिबुटी | २५.० | २५.० |
| १६. | मजिटो | ५.० | ५.० |
| १७. | लोक्ता | ५.० | ५.० |
| १८. | वन लसुन | ५.० | ५.० |
| १९. | सुगन्धवाल | ५.० | ५.० |
| २०. | बुद्धचित्त | १००.० | १००.० |
| २१. | खोटो प्रति के.जि. | ३.० | ३.० |
| २२. | काठ प्रति टेक्टर | १०००.० | १०००.० |
| २३. | काठ प्रति ६ पाङ्ग्रे ट्रक | २०००.० | २०००.० |
| २४. | काठ प्रति १० पाङ्ग्रे ट्रक | ३०००.० | ३०००.० |
| २५. | काठ प्रति १२ पाङ्ग्रे ट्रक | ४०००.० | ४०००.० |
| २६. | रागाँ-भैसी | ४००.० | ४००.० |
| २७. | सुगुर-बङ्गुर | ३००.० | ३००.० |
| २८. | खसी-बोका | २००.० | २००.० |
| २९. | कुखुरा | २०.० | २०.० |
| ३०. | विविध तरकारीजन्य कृषिजन्य उपजहरु(प्रति क्विन्टल) | ३०.० | ३०.० |
| ३१. | फलफूलजन्य उत्पादन | १.० | १.० |
| ३२. | मिनरल वाटर पानी प्रति लिटर/बोतल | १.० | १.० |
| ३३. | लौठ सल्ला प्रति के.जी. | ५.० | ५.० |
| ३४. | सतुवा प्रति के.जी. | ३५.० | ३५.० |
| ३५. | चुत्रो प्रति के.जी. | १.० | १.० |
| ३६. | दूधजन्य खाद्य पदार्थ | निशुल्क | निशुल्क |
| ३७. | अन्य खाद्य पदार्थ (प्रति ५० के.जी.) | | |

## अनुसूची-६
### (विधेयकको दफा ८ सँग सम्बन्धित)
### सवारी साधन कर

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८१/०८२ को वार्षिक रु. | आ.व. २०८२/०८३ को वार्षिक रु. |
|---|---|---|---|
| १. | प्राइभेट कार/जीप/भ्यान | ५००.० | ५००.० |
| २. | भाडा कार/जीप/भ्यान | १५००.० | १५००.० |
| ३. | ट्रयाक्टर | १५००.० | १५००.० |
| ४. | मिनिबस/बस | २०००.० | २०००.० |
| ५. | ट्रक र हेभिबस | ३०००.० | ३०००.० |
| ६. | अटोरिक्सा भाडावाला रिक्सा | ५००.० | ५००.० |
| ७. | म्याजिक वार्षिक | १०००.० | १०००.० |

## अनुसूची-७
### (विधेयकको दफा ९ सँग सम्बन्धित)
### विज्ञापन कर

| क्र.सं. | प्रकार | आ.व. २०८१/०८२ को वार्षिक रु. | आ.व. २०८२/०८३ को वार्षिक रु. |
|---|---|---|---|
| १. | डिजिटल डिस्प्ले | १०००.० | १०००.० |
| २. | पर्खाल/बार/भित्ता आदिमा पोतिएको प्रति वर्ग फिट | ८.० | ८.० |
| ३. | पोलल व्यानर | १००.० | १००.० |
| ४. | साइनबोर्ड प्रति वर्ग फिट | २००.० | २००.० |

## अनुसूची-८
### (विधेयकको दफा १० सँग सम्बन्धित)
### मनोरञ्जन कर

| क्र.सं. | विवरण | आ.व. २०८१/०८२ को रु. | आ.व. २०८२/०८३ को रु. |
|---|---|---|---|
| १. | जादु/सर्कस प्रति पटक | २००.० | २००.० |
| २. | नाटक प्रति पटक | २००.० | २००.० |
| ३. | दोहोरी साँझ वार्षिक | १००००.० | १००००.० |
| ४. | मेला महोत्सव ३ दिन सम्म (पहिलो ३ दिनसम्म) | ५०००.० | ५०००.० |

| | | | |
|---|---|---|---|
| ५. | मेला महोत्सब ३ दिन देखि ६ बढी | ७०००.० | ७०००.० |
| ६. | कृषि मेला प्रतिदिन थप | ५००.० | ५००.० |
| ७. | व्यापारिक मेला प्रतिदिन थप | ५००.० | ५००.० |
| ८. | मनोरञ्जन मेला प्रतिदिन थप | २०००.० | २०००.० |
| ९. | औधोगिक मेला प्रतिदिन थप | २०००.० | २०००.० |

## अनुसूची-९
## (विधेयकको दफा ११ सँग सम्बन्धित)
## बहाल बिटौरी शुल्क

| क्र.सं. | राजश्वको क्षेत्रहरु. | आ.व. २०८१/०८२ को रु. | आ.व. २०८२/०८३ को रु. |
|---|---|---|---|
| १. | हाटबजार (प्रति स्टल) | १००.० | १००.० |
| २. | पसल (प्रति वर्ग फुट मासिक) | १००.० | १००.० |
| ३. | हल भाडा (प्रति दिन) गाउँपालिका अन्तर्गतका कार्यालय प्रयोजन बाहेक | २०००.० | २०००.० |
| ४. | गाउँपालिका सभाहल हलभाडा शुल्क दैनिक | २०००.० | २०००.० |
| ५. | मल्टिमिडिया प्रति दिन(कार्यालय प्रयोजन वाहेक) | ५००.० | ५००.० |
| ६. | स्पिकर (कार्यालय प्रयोजन वाहेक) | १०००.० | १०००.० |
| ७. | कुर्सी प्रतिदिन (कार्यालय प्रयोजन वाहेक) | ५.० | ५.० |

## अनुसूची-१०
## (विधेयकको दफा १२ सँग सम्बन्धित)
## पार्किङ्ग शुल्क

| क्र.सं. | सवारी किसिम | आ.व. २०८१/०८२ को प्रतिदिन रु. | आ.व. २०८२/०८३ को प्रतिदिन रु. |
|---|---|---|---|
| १. | मोटर साइकल | १५.० | १५.० |
| २. | कार | २०.० | २०.० |
| ३. | बस/ट्रक | ५०.० | ५०.० |
| ४. | टयाक्टर | ४०.० | ४०.० |

## अनुसूची-११
## (विधेयकको दफा १४ सँग सम्बन्धित)

## सेवा शुल्क/दस्तुर

| क्र.स. | राजश्वका क्षेत्रहरु | आ.व. २०८१/०८२ को दर/शुल्क/दस्तुर रु. | आ.व. २०८२/८३ को दर/शुल्क/दस्तुर रु. |
|---|---|---|---|
| १. | अङ्ग्रेजी सिफारिस प्रति पृष्ठ | ५००.० | ५००.० |
| २. | कागजात अङ्ग्रेजी प्रमाणित(वैदेशिक प्रयोजन) | १०००.० | १०००.० |
| ३. | चार किल्ला प्रमाणित सिफारिस | ३००.० | ३००.० |
| ४. | घरजग्गा नामसारी सिफारिस | ३००.० | ३००.० |
| ५. | जग्गा धनी प्रमाण दर्ता पूर्जामा घर कायम सिफारिस(पक्की घर) | ५००.० | ५००.० |
| ६. | जग्गा धनी प्रमाण दर्ता पूर्जामा घर कायम सिफारिस(कच्चा घर) | ३००.० | ३००.० |
| ७. | कित्ता काट सिफारिस (व्यापारिक प्रयोजन) | ७००.० | ७००.० |
| ८. | कित्ता काट सिफारिस (व्यक्तिगत प्रयोजन) | ५००.० | ५००.० |
| ९. | घर कायम सिफारिस | ३००.० | ३००.० |
| १०. | मोही लगत कट्टा सिफारिस | ३००.० | ३००.० |
| ११. | चारकिल्ला सर्जमिन दस्तुर | ५००.० | ५००.० |
| १२. | घर बाटो प्रमाणित (बाटो भएकोमा) | ५००.० | ५००.० |
| १३. | घर बाटो प्रमाणित (बाटो नभएकोमा) | ३००.० | ३००.० |
| १४. | घर सम्पन्न सिफारिस/प्रमाणित (पक्की) | १०००.० | १०००.० |
| १५. | घर सम्पन्न सिफारिस/प्रमाणित (कच्ची) | ५००.० | ५००.० |
| १६. | घर जग्गा करको लेखाजोखा गर्ने | ५००.० | ५००.० |
| १७. | जग्गा धनी प्रमाण पूर्जा हराएको सिफारिस | ५००.० | ५००.० |
| १८. | घर पाताल प्रमाणित | ५००.० | ५००.० |
| १९. | जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने | ३००.० | ३००.० |
| २०. | जग्गा धितो मूल्याङ्कन | कूल मूल्याङ्कनको ०.५% | कूल मूल्याङ्कनको०.५% |
| २१. | हकवाला वा हकदार प्रमाणित | ३००.० | ३००.० |
| २२. | अन्य सर्जमिन दस्तुर | ३००.० | ३००.० |
| २३. | जग्गा मूल्याङ्कन सिफारिस | ६००.० | ६००.० |
| २४. | बहाल कर लेखाजोखा सिफारिस | ४००.० | ४००.० |
| २५. | कागज/मञ्जुरिनामा प्रमाणित | ३००.० | ३००.० |
| २६. | उजुरी मुद्दा दर्ता र मेलमिलाप | २००.० | २००.० |
| २७. | कर चुक्ता सिफारिस | ३००.० | ३००.० |
| २८. | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | निःशुल्क | निःशुल्क |

| | | | |
|---|---|---|---|
| २९. | अपाङ्गता भएको सिफारिस/ज्येष्ठ नागरिक सिफारिस | निःशुल्क | निःशुल्क |
| ३०. | नागरिकता सिफारिस | ३००.० | ३००.० |
| ३१. | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १०००.० | १०००.० |
| ३२. | नागरिकता प्रतिलिपि सिफारिस | ५००.० | ५००.० |
| ३३. | धारा तथा विद्युत जडान सिफारिस | ३००.० | ३००.० |
| ३४. | जीवित रहेको सिफारिस | २५०.० | २५०.० |
| ३५. | नाम थर जन्म मिति संशोधनको सिफारिस | २५०.० | २५०.० |
| ३६. | कुनै व्यक्तिको नाम थर जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एउटै व्यक्ति भनी प्रमाणित सिफारिस | ३००.० | ३००.० |
| ३७. | व्यापार व्यवसाय बन्द भएको सिफारिस | ५००.० | ५००.० |
| ३८. | व्यापार व्यवसाय सञ्चालन नभएको सिफारिस | ५००.० | ५००.० |
| ३९. | व्यापार व्यवसाय नभएको सिफारिस | ५००.० | ५००.० |
| ४०. | उद्योग ठाउँसारी सिफारिस | ४०००.० | ४०००.० |
| ४१. | विद्यालय ठाउँसारी सिफारिस | १५००.० | १५००.० |
| ४२. | विद्यालयको कक्षा थप गर्न सिफारिस | १५००.० | १५००.० |
| ४३. | आधारभूत विद्यालय खोल्न सिफारिस | १५००.० | १५००.० |
| ४४. | विद्यालयको खाता सञ्चालन | १००.० | १००.० |
| ४५. | शिक्षक विज्ञापन सिफारिस दस्तुर | १००.० | १००.० |
| ४६. | कर्मचारी भर्ना विज्ञापन दस्तुर | १०००.० | १०००.० |
| ४७. | व्यवसाय/फर्मको प्रतिलिपि | ५००.० | ५००.० |
| ४८. | शिक्षा सम्बन्धी विविध | १००.० | १००.० |
| ४९. | व्यक्तिगत विवरण प्रमाणित गर्ने(एकमूष्ट) | ५००.० | ५००.० |
| ५०. | संरक्षक सिफारिस र प्रमाणित गर्ने (व्यक्तिगत) | २५०.० | २५०.० |
| ५१. | संरक्षक सिफारिस र प्रमाणित गर्ने (संस्थागत) | १५००.० | १५००.० |
| ५२. | बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने सिफारिस | १०००.० | १०००.० |
| ५३. | स्वास्थ्य उपचारको सिफारिस (निशुल्क उपचारका लागि) | निःशुल्क | निःशुल्क |
| ५४. | स्वास्थ्य उपचारको सिफारिस(सशुल्क उपचारका लागि) | निःशुल्क | निःशुल्क |
| ५५. | जीवितसँगको नाता प्रमाणित | ३००.० | ३००.० |
| ५६. | मृतकसँगको नाता प्रमाणित | ३००.० | ३००.० |

| | | | |
|---|---|---|---|
| ५७. | आर्थिक अवस्था बलियो वा सपन्नता प्रमाणित | १५००.० | १५००.० |
| ५८. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ३००.० | ३००.० |
| ५९. | असक्त असाहय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने | निःशुल्क | निःशुल्क |
| ६०. | जन्म मिति प्रमाणित | ३००.० | ३००.० |
| ६१ | विवाहित/अविवाहित प्रमाणित | ३००.० | ३००.० |
| ६२. | सिफारिस तथा अन्य कागजातहरुलाई समेत अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित | ५००.० | ५००.० |
| ६३. | अपुताली सिफारिस | ३००.० | ३००.० |
| ६४. | घर नक्सापास/अभिलेखिकरण दस्तुर (पक्की घर प्रति वर्ग फिट) | ६.० | ६.० |
| ६५. | घर नक्सापास/अभिलेखिकरण दस्तुर (कच्ची घर प्रति वर्ग फिट) | १.० | १.० |
| ६६. | नक्सा पास निवेदन फाराम दस्तुर | १०००.० | १०००.० |
| ६७. | जन्म दर्ता (३५ दिनभित्र भए निःशुल्क) अन्यथा | २००.० | २००.० |
| ६८. | मृत्यु दर्ता (३५ दिनभित्र भए निःशुल्क) अन्यथा | २००.० | २००.० |
| ६९. | बसाइँसराइँ जाने आउने दर्ता (३५ दिनभित्र भए निःशुल्क) अन्यथा | २००.० | २००.० |
| ७०. | सम्बन्ध विच्छेद दर्ता (३५ दिनभित्र भए निःशुल्क) अन्यथा | २००.० | २००.० |
| ७१. | विवाह दर्ता (३५ दिनभित्र भए निःशुल्क) अन्यथा | २००.० | २००.० |
| ७२. | पञ्जिकरण प्रतिलिपि (व्यक्तिगत घटना दर्ताको प्रतिलिपि दस्तुर) | ५००.० | ५००.० |
| ७३. | नाबालक परिचय पत्र सिफारिस दस्तुर | २००.० | २००.० |
| ७४. | नाबालक परिचय पत्र सिफारिस | ३००.० | ३००.० |
| ७५. | नाबालक परिचयपत्रको प्रतिलिपि दस्तुर | ५००.० | ५००.० |
| ७६. | स्थायी बसोबास सिफारिस | ३००.० | ३००.० |
| ७७. | राहदानी सिफारिस | ३००.० | ३००.० |
| ७८. | सूची दर्ता सिफारिस | ३००.० | ३००.० |
| ७९. | पशु पन्छी मृत्यु प्रमाणित सिफारिस | निःशुल्क | निःशुल्क |

| | | | |
|---|---|---|---|
| ८०. | योजना सम्झौता र भुक्तानी सिफारिस दस्तुर(रु. ५ लाखसम्म) | ६००.० | ६००.० |
| ८१. | योजना सम्झौता र भुक्तानी सिफारिस दस्तुर(रु. ५ लाखदेखि १० लाखसम्म) | ८००.० | ८००.० |
| ८२. | योजना सम्झौता र भुक्तानी सिफारिस(रु. ११ लाखसदेखि २० लाखसम्म) | १५००.० | १५००.० |
| ८३. | संघ, प्रदेश तथा अन्य संघ संस्थाबाट सञ्चालन योजना/कार्यक्रमको सिफारिस दस्तुर/शुल्क | ५००.० | ५००.० |
| ८३. | अमिन सेवा शुल्क दस्तुर | १५००.० | १५००.० |
| ८४. | योजना/आयोजना कार्यक्रमको बैंक खाता | २००.० | २००.० |
| | **सञ्चालन सिफारिस दस्तुर** | | |
| ८५. | अन्य कार्यालयबाट कार्यान्वयन भएका योजना/कार्यक्रमको रकम भुक्तानी सिफारिस दस्तुर | ५००.० | ५००.० |
| ८६. | व्यवसाय थप सिफारिस दस्तुर | ३००.० | ३००.० |
| ८७. | नागरिकता सरजमिन दस्तुर | २००.० | २००.० |
| ८८. | व्यवसाय सूचिकृत दस्तुर | १००.० | १००.० |
| **शिक्षक छनौटका लागि विषय विशेषज्ञ सूची दर्ता शुल्क** | | | |
| ८९. | आधारभूत तह | १०००.० | १०००.० |
| ८०. | माध्यमिक तह | १५००.० | १५००.० |
| **सहकारी संस्था दर्ता सिफारिस दस्तुर** | | | |
| ८१. | बहुउद्देश्यीय सहकारी | ५००.० | ५००.० |
| ८२. | कृषि सहकारी | ५००.० | ५००.० |
| ८३. | श्रमिक सहकारी | २००.० | २००.० |
| ८४. | बचत तथा ऋण सहकारी (महिला) | ३००.० | ३००.० |
| ८५. | बचत तथा ऋण सहकारी अन्य | ५००.० | ५००.० |
| ८६. | अन्य उपभोक्ता सहकारी | २००.० | २००.० |

**सहकारी संस्था सम्बन्धी दस्तुर**

| | | सूचीकृत(आ.व. २०८१/८२) | दर्ता (२०८१/८२) | सूचीकृत (आ.व.२०८२/८३) | दर्ता (२०८२/८३) |
|---|---|---|---|---|---|
| ८७. | बहुउद्देश्यीय सहकारी | २५००.० | १००००.० | २५००.० | १००००.० |
| ८८. | कृषि सहकारी | २०००.० | ६०००.० | २०००.० | ६०००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८९. | श्रमिक सहकारी | १५००.० | ४०००.० | १५००.० | ४०००.० |
| ९०. | बचत तथा ऋण सहकारी(महिला) | १०००.० | ३०००.० | १०००.० | ३०००.० |

| सि.नं. | राजश्वका क्षेत्रहरु | आ.व.२०८१/८२को दर/ दस्तुर/शुल्क रु. | आ.व.२०८२/८३ को दर/शुल्क/दस्तुर रु. |
|---|---|---|---|
| ९१. | बचत तथा ऋण सहकारी अन्य | ४०००.० | ४०००.० |
| ९२. | अन्य उपभोक्ता सहकारी | ५०००.० | ५०००.० |
| **सहकारी संस्था नवीकरण** | | | |
| ९३. | बहुउद्दश्यीय सहकारी | १०००.० | १०००.० |
| ९४. | कृषि सहकारी | ६००.० | ६००.० |
| ९५. | श्रमिक सहकारी | ६००.० | ६००.० |
| ९६. | वचत तथा ऋण सहकारी (महिला) | ५००.० | ५००.० |
| ९७. | वचत तथा ऋण सहकारी अन्य | ७००.० | ७००.० |
| ९८. | अन्य उपभोक्ता सहकारी | १०००.० | १०००.० |
| | **नयाँ व्यवसाय दर्ता सिफारिस (चुक्ता पूँजीको आधारमा)** | | |
| ९९. | १ लाख सम्मको | १००.० | १००.० |
| १००. | १ लाख भन्दा माथि ३ लाखसम्म | २००.० | २००.० |
| १०१. | ३ लाख भन्दा माथि ५ लाखसम्म | ३००.० | ३००.० |
| १०२. | ५ लाख माथि १० लाखसम्म | ४००.० | ४००.० |
| १०३. | १० लाख माथि १५ लाखसम्म | ५००.० | ५००.० |
| १०४. | १५ लाख माथि २० लाखसम्म | ६००.० | ६००.० |
| १०५. | २० लाख भन्दा माथि २५ लाखसम्म | ८००.० | ८००.० |
| १०६. | २५ लाख भन्दा माथि प्रति लाख | २००का दरले थप | २००का दरले थप |
| १०७. | उजुरी/मुद्धा दर्ता र मेलमिलाप | २००.० | २००.० |
| १०८. | चौपाय सम्बन्धी सिफारिस | २००.० | २००.० |
| १०९. | आन्तरिक बसाइँसराइँ सिफारिस | २००.० | २००.० |
| ११०. | व्यक्तिगत विवरण सिफारिस | २००.० | २००.० |
| १११. | जग्गा दर्ता सिफारिस | २००.० | २००.० |
| ११२. | संस्था दर्ता सिफारिस | ५००.० | ५००.० |
| ११३. | छात्रवृत्ति सिफारिस | ३००.० | ३००.० |

| | | | |
|---|---|---|---|
| ११४. | आय स्रोत प्रमाणित सिफारिस | ५००.० | ५००.० |
| ११५. | वार्षिक आय स्रोत प्रमाणित | कूल आयको ०.२% | कूल आयको ०.२% |
| ११६. | मासिक आय स्रोत सिफारिस | ५००.० | ५००.० |
| **समूह/संस्था दर्ता शुल्क** | | | |
| ११७. | समूह दर्ता (आमा समूह/बालक्लब/कृषक समूह/अन्य) | ५००.० | ५००.० |
| ११८. | समूह नवीकरण (आमा समूह/बालक्लब/कृषक समूह/अन्य) | ३००.० | ३००.० |
| ११९. | खानेपानी तथा सरसफाइ/जल उपभोक्ता/टोल सुधार/विकास समिति आदि | १०००.० | १०००.० |
| १२०. | खानेपानी तथा सिंचाई मुहान दर्ता | ६०००.० | ६०००.० |
| १२१. | नवीकरण(खानेपानी तथा सरसफाइ/जल उपभोक्ता/टोल/सुधार समिति आदि) | ५००.० | ५००.० |
| १२२. | प्राइभेट फर्म दर्ता/नविकरण निवेदन दस्तुर | २००.० | २००.० |
| १२३. | ब्याक व्हो लोडर(सानो टायरवाला सूचीकृत शुल्क) | २०००.० | २०००.० |
| १२४. | एक्साभेटर सूचीकृत शुल्क | ३०००.० | ३०००.० |
| १२५. | ग्रेड सिट प्रतिलिपि लिने, सच्चाउने, संशोधन गर्ने | ५००.० | ५००.० |
| १२६. | तमसुक प्रमाणित गर्ने | कूल रकमको ०.२% | कूल रकमको ०.२% |
| १२७. | छलफलका लागि फिर्ता पठाइएका निवेदन दर्ता | ३००.० | ३००.० |
| १२८. | व्यापार व्यवसाय तथा गैरसरकारी संस्थाबाट गाउँपालिकामा व्यवसाय/कार्यक्रम सञ्चालन गर्न अनुमति पत्र दस्तुर | ५००.० | ५००.० |
| १२९. | युवा लगायत विविध क्लब दर्ता | ५००.० | ५००.० |
| १३०. | विभिन्न कृषि औजार उपकरण | १००.० | १००.० |

| | | | |
|---|---|---|---|
| | माग निवेदन दस्तुर | | |
| १३१. | अवैध रुपमा गिट्टी वालुवा ढुङ्गा चोरी निकासी दण्ड जरिवाना | बागमती प्रदेश आर्थिक ऐन, २०८२ बमोजिम | बागमती प्रदेश आर्थिक ऐन, २०८२ बमोजिम |
| १३२. | कर समायोजन | निशुल्क | निशुल्क |
| १३३. | व्यवसाय थप कारोबार | ५००.० | ५००.० |
| १३४. | अनुदान उपलब्ध गराउने सम्बन्धी सिफारिस | ३००.० | ३००.० |
| १३५. | राहत उपलब्ध गराउने सम्बन्धी सिफारिस | निःशुल्क | निःशुल्क |

**पशु सेवातर्फ**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३६. | पशुको जात | गाई/भैंसी | भेडा/बाख्रा | सुङ्गुर/बङ्गुर | कुकुर विरालो | पन्छी |
| १३७. | पशु उपचार शुल्क दस्तुर | २५.० | १०.० | १०.० | २५.० | २.० |
| १३८. | आन्तरिक परजिवी | २५.० | ५.० | ५.० | १०.० | ५.० |
| १३९. | बन्ध्याकरण | ५०.० | २०.० | ५०.० | ५०.० | - |
| १४०. | गोबर परिक्षण | २५.० | २५.० | २५.० | २५.० | - |
| १४१. | शव परिक्षण | ५०.० | ३०.० | ५०.० | ५०.० | २०.० |

| | | | |
|---|---|---|---|
| १४२. | प्लाष्टिक पोखरी निर्माण | १००.० | १००.० |
| १४३. | विद्यालयको सामान लिलाम बिक्रि सिफारिस | २००.० | २००.० |
| १४४. | सामान्य शैक्षिक सिफारिस (खाता परिवर्तन अनुमति) | २००.० | ३००.० |
| १४५. | उल्लेखित बाहेक छुटेका अन्य विविध सिफारिस | १००.० | ३००.० |

## अनुसूची-१२
**(विधेयकको दफा १५ सँग सम्बन्धित)**

**पर्यटन शुल्क**

| क्र.सं. | पर्यटक किसिम | २०८१/०८२ को शुल्क रु. | २०८२/०८३ को शुल्क रु. |
|---|---|---|---|
| १. | भारत | ५००.० | ५००.० |
| २. | सार्क मुलुक भित्रका (भारत बाहेक) | १०००.० | १०००.० |
| ३. | एसिया महादेश भित्रका | २०००.० | २०००.० |
| ४. | अन्य मुलुकबाट आएका | ३०००.० | ३०००.० |

## लिखु तामाकोशी गाउँपालिकाको कर, शुल्क, दस्तुरहरु दाखिला गर्ने नागरिक वडापत्र

| क्र.सं. | करको विवरण | कस्ले तिर्ने | कहाँ तिर्ने | कति तिर्ने | कहिले तिर्ने |
|---|---|---|---|---|---|
| १. | घर जग्गा | घरधनी | गाउँपालिकाको | नियमानुसार | चैत्र मसान्तभित्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | कर/सम्पत्ति कर | | कार्यालय | | |
| २. | घर बहाल कर | सम्झौता बमोजिम घरधनी | गाउँपालिकाको कार्यालय | नियमानुसार | जेठ मसान्तभित्र |
| ३. | मालपोत कर | जग्गाधनी | वडा कार्यालय | नियमानुसार | चैत्र मसान्तभित्र |
| ४. | व्यवसाय कर | व्यवसायी | गाउँपालिकाको कार्यालय | नियमानुसार | जेठ मसान्तभित्र |
| ५. | मनोरञ्जन कर | सेवा प्रदायक | गाउँपालिकाको कार्यालय | नियमानुसार | जेठ मसान्तभित्र/सोही दिन |
| ६. | बहाल विटौरी कर | सम्बन्धित व्यक्ति | गाउँपालिकाको कार्यालय | नियमानुसार | असोज मसान्तभित्र/सोही दिन |
| ७. | विज्ञापन कर | सम्बन्धित व्यक्ति | गाउँपालिकाको कार्यालय | नियमानुसार | विज्ञापन राख्नु पूर्व |
| ८. | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्राप्त गर्ने | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | नियमानुसार | सेवा प्राप्त गर्दा |
| ९. | पर्यटन कर | पर्यटक | गाउँपालिकाको कार्यालय | नियमानुसार | प्रवेश गर्दा |
| १०. | सावरी पार्किङ्ग शुल्क | सवारी धनी | गाउँपालिकाको कार्यालय | नियमानुसार | पार्किङ्ग गर्दा |

लिखु तामाकोशी गाउँपालिका गाउँसभाको बैठकबाट मिति २०८२/०३/१० गते स्वीकृत यो ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछु ।

केशब महत
अध्यक्ष
मितिः २०८२/०३/१०